CDC Journal, Year 33, No. 47, August 2025, DOI: https://doi.org/10.3126/cdj.v33i47.83481
Received Date: May 19, 2025 Accepted Date: August 3, 2025

# स्नातक तहमा अनिवार्य नेपाली विषयका पाठ्यक्रममा समाविष्ट व्याकरणका पाठ्यांशको विश्लेषण

*सुकुम शर्मा**

***Correspondance Email**: sharmasukum@gmail.com*

केन्द्रीय क्याम्पस, त्रि.वि, काठमाडौं

## लेखसार

*प्रस्तुत लेखमा स्नातक तहमा अनिवार्य नेपाली विषयको पाठ्यक्रममा प्रस्तुत व्याकरणका पाठ्यांशको व्याकरण चिन्तनका आधारबाट विश्लेषण गरी उक्त पाठ्यांशको मूल्याङ्कन गरिएको छ । नेपालमा त्रिचन्द्र कलेजको स्थापना भएसँगै उच्च शिक्षाको आरम्भ भएको हो र उच्च शिक्षामा नेपाली भाषाको शिक्षण पनि त्यही समयबाट भएको हो । त्रिभुवन विश्वविद्यालयको स्थापना भई उच्च तहमा विविध विषयसँगै नेपाली भाषासाहित्यको शिक्षण पनि अघि बढेको हो । हाल स्नातक तहअन्तर्गत मानविकी तथा सामाजिक शास्त्र सङ्काय र शिक्षा शास्त्र सङ्कायमा वार्षिक प्रणालीअनुसार अनिवार्य नेपाली शिक्षण हुने तथा मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा भने सत्र प्रणालीअनुसारका शिक्षणमा पनि अनिवार्य नेपाली समावेश भएको छ । अनिवार्य नेपालीमा समावेश गरिएको व्याकरणका पाठयांशको व्याकरणात्मक विश्लेषण या व्याकरण चिन्तनका विषयमा विश्लेषण गर्नु यस लेखको उद्देश्य हो । यसमा व्याकरण चिन्तन परम्परागत व्याकरण, ऐतिहासिक व्याकरण र वर्णनात्मक व्याकरणका परम्पराबाट खोजी गर्दै यस मान्यताका केन्द्रमा रहेर पाठ्यांशमा प्रस्तुत वर्णव्याकरण, शब्दव्याकरण, वाक्यव्याकरण,पाठव्याकरणका आधारभूत मान्यतालाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी गुणात्मक अनुसन्धान पद्धतिअन्तर्गत विषय विश्लेषण विधिको प्रयोग गरिएको छ । यस क्रममा शैक्षणिक एकाइको चिनारीसहित वर्णव्याकरण, शब्दव्याकरण, वाक्यव्याकरण,पाठव्याकरणका आधार भूत व्याकरण चिन्तनको मूल्याङ्कन गरिएको छ । पाठ्यक्रम वर्णव्याकरणबाट पाठव्याकरणसम्मको शैक्षणिक एकाइमा बिस्तार भए पनि परम्परागत व्याकरण चिन्तनबाट मुक्त नभएको र वर्णनात्मक या भाषावैज्ञानिक व्याकरण चिन्तनको शैक्षणिक प्रयोजनसित भाषापाठका आधारमा व्याकरण पाठ्यांशमा निर्धारण हुनपर्ने देखिन्छ । राष्ट्रिय आवश्यकताअनुसार वाङ्मय निर्माण,माध्यम तथा कार्यालयीय प्रयोजनका सन्दर्भमा भाषिक सिपको आर्जनका लागि त्रिभुवन विश्वविद्यालयका सबै संस्थान र सङ्कायमा अनिवार्य नेपालीको शैक्षणिक प्रयोजनको आवश्यकता र त्यसअनुरूप व्याकरण पाठ्यांशको संयोजन हुनपर्ने निष्कर्ष निकालिएको छ ।*

---

*गोविन्द प्रसाद शर्माले लेखकीय नाम सुकुम शर्मा लेख्नुहुन्छ ।

**शब्दकुञ्जी :** वर्णव्याकरण, शब्दव्याकरण, वाक्यव्याकरण, पाठव्याकरण, शैक्षणिक व्याकरण, परम्परागत व्याकरण, वर्णनात्मक व्याकरण ।

## परिचय

नेपालमा उच्च शिक्षाको प्रारम्भ त्रिचन्द्र कलेजको स्थापना (१९७५) सँगै भएको हो । यसअघि नेपालमा परम्परागत संस्कृत र बौद्ध गुरूकुलीय शिक्षा (पन्त,सन् १९७९), दरवार स्कुलको स्थापना (१९१०) पछि अङ्ग्रेजी शिक्षा र भाषा पाठशाला खोलिएसँगै (१९५७) नेपाली भाषा शिक्षाको परम्परा भए पनि उच्च शिक्षाको आरम्भ भएको भने देखिँदैन ( पंज्ञेनी, २०७३ पृ. ३-६) । नेपाली भाषाको संस्थागत शैक्षिक प्रयोगको प्रारम्भ विन्दु या शिक्षण माध्यममा भाषाको आधार भाषा पाठशालामा नेपाली भाषा प्रयोग गरिएसँगै भएको मानिन्छ ( त्रिपाठी, २०३५ पृ. ४१) । उच्च शिक्षामा नेपाली भाषाको शैक्षणिक प्रयोग त्रिचन्द्र कलेज स्थापना भई पठनपाठनको आरम्भसँगै भएको हो । त्यसैले परम्परागत संस्कृत, बौद्ध र अङ्ग्रेजी शिक्षाका परम्परामा विद्यालय तहदेखि उच्च शिक्षासम्म नेपाली भाषाको शैक्षणिक प्रयोग ऐतिहासिक रूपमा उल्लेख्य पक्ष हो । त्रिभुवन विशवविद्यालय स्थापना भई उच्च तहमा विविध विषयसँगै नेपाली भाषा साहित्यको शिक्षण पनि अघि बढेको पाइन्छ (पंज्ञेनी,२०७६पृ. २०४) । नेपाली भाषामा प्रवीणता प्रमाणपत्र तह, स्नातक तह र स्नातकोत्तर तहमा नेपाली भाषासाहित्यको अध्ययन सुचारू भएको पाइन्छ । त्रिभुवन विश्वविद्यालयअन्तर्गत अनिवार्य नेपालीका विषयमा वि. सं २०२० पछि परिवर्तन गरी अनिवार्य नेपाली शिक्षण र नेपाली भाषासाहित्यको विशेष शिक्षण गरी विभिन्न तहमा पठनपाठन अघि बढाएको पनि चर्चा पाइन्छ (त्रिपाठी,२०३५ पृ. ५२-५३) । त्रिभुवन विश्वविद्यालयमा प्रवीणता प्रमाणपत्र तह र स्नातक तहमा अनिवार्य नेपालीको व्यवस्था भएसँगै यस विषयको पाठ्यक्रमको निर्माण प्रक्रिया पनि अघि बढेको हो ।

राष्ट्रिय शिक्षापद्धति योजना (२०२८) लागु भएपछि तत्कालीन समयअघि प्रचलित शिक्षा पुरानो भएको र त्यसपछि नयाँ शिक्षापद्धति विकास भएपछि नेपाली भाषालाई प्रभावकारी शिक्षण माध्यमका रूपमा विकास‸नेपाली शिक्षण आवश्यक भएको पनि विश्लेषण गरिएको छ (दाहाल, २०३५ पृ. १२-१३) । प्राथमिकदेखि माध्यमिक तहसम्मको शिक्षामा नेपाली भाषा शिक्षण माध्यम भएकाले उच्च तहमा पनि नेपाली भाषाको माध्यम र अनिवार्य पठन आवश्यक भएको चर्चा पाइन्छ (त्रिपाठी, २०३५पृ.५४) । प्रस्तुत मान्यताबाट अनिवार्य नेपालीको पठनपाठनसम्बन्धी तत्कालीन स्थिति र राष्ट्रिय अवस्था स्पष्ट हुन्छ । त्रिभुवन विश्वविद्यालयमा प्रमाणपत्र र स्नातक तहमा अनिवार्य नेपाली शिक्षण हुँदै आएका सन्दर्भमा त्रिभुवन विश्वविद्यालयका नेपाली विषय शिक्षकहरूको प्रथम राष्ट्रिय अधिवेशन २०३४ बाट यस विषयको ऐतिहासिक महत्त्व र गरिमाबोध गरिएको देखिन्छ(शर्मा र अधिकारी,२०३५) । यस समयमा प्रवीणता प्रमाणपत्र तहमा मानविकी तथा सामाजिक शास्त्र, कानुन र संस्कृत अध्ययन सङ्कायमा मात्र अनिवार्य नेपाली पठनपाठनमा रहेको पाइन्छ । उक्त सम्मेलनसम्म आइपुग्दा त्रिभुवन विश्वविद्यालयका संस्थान र सङ्कायमा शिक्षण आरम्भ हुने गरी अनिवार्य नेपाली विषयको पाठ्यक्रम निर्माण भएको भन्ने पनि उल्लेख छ (दाहाल,२०३५पृ.१२) । वि. सं २०२८ पछि सञ्चालन

भएको सत्रप्रणालीको शैक्षिक कार्यक्रम वि. सं २०४० पछि वार्षिक प्रणालीमा बदलिएपछि भने वार्षिक प्रणालीअनुसारको प्रवीणता प्रमाणपत्र तह र स्नातक तहमा अनिवार्य नेपालीको व्यवस्था भएको देखिन्छ (पाठ्यक्रम विकास केन्द्र,२०४६) । प्रवीणता प्रमाणपत्र तहमा सम्पूर्ण सङ्काय तथा संस्थानमा अनिवार्य नेपालीको पठनपाठन भए पनि स्नातक तहमा भने मानविकी तथा सामाजिक शास्त्र, संस्कृत अध्ययन सङ्काय र कानुन सङ्कायमा मात्र पठनपाठन भएको देखिन्छ ।

त्रिभुवन विश्वविद्यालयमा प्रवीणता प्रमाणपत्र तह र स्नातक तहमा अनिवार्य नेपालीको व्यवस्था भए पनि राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९)को व्यवस्थाअनुसार स्नातक तह तीन बर्से हुने र प्रवीणता प्रमाणपत्र तह वि. स. २०५७ सम्ममा विश्वविद्यालयबाट हटाउने (फेज आउट)भन्ने नीति लागु भएको पाइन्छ । नयाँ व्यवस्थाअनुसार स्नातक तहमा मात्र त्यसमा पनि मानविकी तथा सामाजिक शास्त्र सङ्काय र शिक्षा शास्त्र सङ्कायमा अनिवार्य नेपालीको प्रावधान देखिन्छ (उपाध्याय,२०५८पृ.८०-१०३) । स्नातक तहबाट विश्वविद्यालय आरम्भ हुने नीति लागू भए पछि प्रवीणता प्रमाणपत्र तहको शैक्षिक आधार माध्यमिक तह (+२) मा लागु भएको देखिन्छ । त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातक तहमा उल्लिखित दुई सङ्कायमा मात्र अनिवार्य नेपाली पठनपाठनमा रहेको छ । त्रिभुवन विश्वविद्यालयमा वि. सं २०५३ देखि तीन बर्से स्नातक तहको कार्यक्रम लागु गरे पनि वि. सं २०६५ मा मात्र स्नातक तहको अनिवार्य नेपालीको पाठ्यक्रम लागु गरेको पाइन्छ (पाठ्यक्रम विकास केन्द्र, २०६६) । यसपछि वि. सं २०६९मा अनिवार्य नेपालीको पाठ्यक्रम संशोधन र परिमार्जन भएको देखिन्छ । त्रिभुवन विश्वविद्यालयमा चार बर्से स्नातक तहको प्रावधान भएपछि वि.सं.२०७७ मा पाठ्यक्रममा परिमार्जन भएको पाइन्छ । अहिले स्नातक तहअन्तर्गत मानविकी तथा सामाजिक शास्त्र सङ्काय र शिक्षा शास्त्र सङ्कायमा वार्षिक प्रणालीअनुसार अनिवार्य नेपाली शिक्षण हुने तथा मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा भने सत्र प्रणालीअनुसारका शिक्षणमा पनि अनिवार्य नेपाली समावेश गरिएको छ ।

उच्चमाध्यमिक तह उत्तीर्ण गरी क्याम्पस तहमा प्रवेश गरेका विद्यार्थीलाई अनिवार्य नेपाली विषयको पठनपाठनको आवश्यकता देखिन्छ । भाषिक संरचनाको ज्ञान, भाषाको उच्च स्तरीय प्रयोग, त्रुटि निराकरण, स्तरीय नेपालीको शब्द भण्डारमा पहुँच तथा ज्ञानविज्ञान प्रविधिको उच्च तहको बौद्धिक अभिव्यक्तिमा भाषिक सिप प्रयोग गरी स्तरीय अभिव्यक्ति र प्रस्तुतिका लागि अनिवार्य नेपालीको शिक्षण आवश्यक रहेको छ । ज्ञानविज्ञानका विविध क्षेत्रमा संस्कृत भाषामा पर्याप्त सामग्री पाइने,अङ्ग्रेजी भाषामा पनि सहज सामग्री उपलब्ध हुने स्थिति रहेको छ । नेपाली भाषामा ज्ञानविज्ञानका विविध क्षेत्रमा सामग्रीको अभाव भएकाले त्यस किसिमका सामग्रीको लेखन तथा निर्माणमा र भाषिक दक्षताको विकासमा व्याकरणात्मक ज्ञानको उल्लेख्य भूमिका रहन्छ । अनिवार्य नेपालीका शिक्षण उद्देश्यमा व्याकरण शिक्षण प्रयोजनमूलक रहेको छ । व्याकरण भाषिक व्यवस्था हो । भाषाको प्रयोग र भाषामा अन्तर्निहित व्यवस्थाको वर्णन तथा नियमनको विश्लेषण गर्ने आधार हो (लयन्स, सन् १९७१ पृ.५३-५४) । अनिवार्य नेपालीमा समावेश गरिएको व्याकरण शिक्षणका विषयमा चर्चा अनिवार्य नेपाली राष्ट्रिय सम्मेलन(२०३५),अनिवार्य नेपाली शिक्षण निर्देशन(२०४६) देखि नै आरम्भ भए पनि

व्याकरणात्मक विश्लेषण र चिन्तनका विषयमा भने चर्चा पाइँदैन । यद्यपि परम्परागत व्याकरण चिन्तन यस समयसम्म पनि प्रभावकारी र निर्णायक नै रहेको देखिन्छ । यस लेखमा स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यांशमा समावेश व्याकरणात्मक सामग्रीको चिन्तनमूलक आधारमा विश्लेषण गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन लिखित सामग्रीको विश्लेषण या गुणात्मक ढाँचामा केन्द्रित छ । यस अध्ययनमा स्नातक तहमा अनिवार्य नेपाली विषयको पाठ्यक्रममा निर्धारण गरिएको व्याकरणका पाठ्यांशलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ । द्वितीयक सामग्रीका रूपमा विषय विश्लेषण विधिका सहायताबाट पाठ्यक्रममा प्रस्तुत व्याकरणको लयन्स (सन् १९७१), क्रिस्टल (सन् २००३),बन्धु (२०७३), श्रीवास्तव (सन् १९९७) का सैद्धान्तिक आधारको उपयोग गर्दै विश्लेषणमा जोड दिइएको छ । व्याकरण चिन्तन परम्परागत व्याकरण, ऐतिहासिक व्याकरण र वर्णनात्मक व्याकरणका परम्पराबाट खोजी गर्दै यस मान्यताका केन्द्रमा रहेर पाठ्यांशमा प्रस्तुत व्याकरणका चिन्तनको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा व्याकरणात्मक चिन्तनका परम्परागत, ऐतिहासिक र भाषाविज्ञानका नवीन मान्यतामा केन्द्रित रही चिन्तनगत आधारको मूल्यबोधमा जोड दिइएको छ ।

### विश्लेषणको सैद्धान्तिक आधार

व्याकरणको सामान्य अर्थ भाषाको नियम या प्रयोग हो । व्याकरण भाषाका व्यवस्थाको अध्ययन र प्रयोगसाग सम्बद्ध हुन्छ । यो भाषाको प्रयोग हो र भाषिक व्यवस्थाको नियमको वर्णन गर्ने शास्त्र पनि हो । व्याकरण चिन्तनका क्षेत्रमा विषयगत, पद्धतिगत, सिद्धान्तगत आधार रहेका छन् । व्याकरणमा भाषाका संरचनात्मक घटक,व्यवस्था र सम्बन्धका बारेमा अध्ययन गरिन्छ (लयन्स, १९७१पृ.५३-५४) । व्याकरण वर्णनात्मक,शैक्षणिक, निर्देशनात्मक, सन्दर्भपरक, सैद्धान्तिक र परम्परगत आधारमा निर्धारण गरी त्यसअनुसार व्याकरणात्मक चिन्तनगत पक्ष खोजी गर्न सकिने मान्यता पनि पाइन्छ (क्रिस्टल,सन् २००३ पृ. ८८) । व्याकरणमा भाषाको स्वरूप, अर्थ र प्रयोगको विश्लेषण गरिन्छ । व्याकरणमा भाषाका ध्वनिविज्ञान, वाक्यविज्ञान र अर्थविज्ञानको घटकीय आधार रहेको हुन्छ र यी घटकको घटकीय सम्बन्धमध्ये वाक्यविज्ञानमा रूपदेखि वाक्यसम्मको आधार रहेको हुन्छ भन्ने व्याख्या पाइन्छ (क्रिस्टल, २००३पृ.८८) । भाषाका घटक पद, वाक्य वा सङ्कथनलाई विषय बनाएको व्याकरणलाई क्रमशः पदव्याकरण, वाक्यव्याकरण तथा पाठव्याकरण भनिने मत यस सन्दर्भमा उल्लेख्य रहेको छ (बन्धु, २०७३ पृ.६२) । व्याकरणका चिन्तनमा व्यक्ति, माध्यम, विषय, भाषिक सम्प्रदाय विधिका आधारमा छुट्याएर विश्लेषण गर्ने पक्ष पनि स्मरणीय देखिन्छ ( शर्मा,२०७४ पृ.२८०-२८१) । यसबाट व्याकरणमा भाषाको स्वरूप,अर्थ र प्रयोगको अध्ययन हुने तथ्य पनि स्पष्ट हुन्छ । व्याकरणका संरचनामा वर्ण, रूप, पद, पदावली, वाक्य, सङ्कथनका संरचनात्मक एकाइ वा घटक र यी घटकबिचको सम्बन्ध र

व्यवस्थाको वर्णन तथा नियमको विश्लेषण व्याकरणका चिन्तनमा आएको हुन्छ । रूपदेखि वाक्यसम्मको घटकीय व्यवस्था नै व्याकरणत्मक एकाइ भएको मानिए पनि यसका अध्ययन क्षेत्रमा वर्ण र अर्थ पनि जोडिने उल्लेख छ ( शर्मा, २०७१ पृ.२६-२७) । अनिवार्य नेपाली विषयमा प्रयुक्त व्याकरण शैक्षणिक प्रयोजनसँग जोडिएको विश्लेषण पनि पाइन्छ ( दाहाल, २०३५ पृ.१३) । प्रयोगका आधारमा शैक्षणिक प्रयोजनमा आउने व्याकरण शैक्षणिक व्याकरण हो (क्रिस्टल,२००३ पृ.८८) । शैक्षणिक माध्यमका रूपमा प्रयोजनपरक भेद तथा शैली र अभिव्यक्तिमा भाषिक सिपको खोजी शैक्षणिक व्याकरणका पक्षसँग जोडिएको हुन्छ । शैक्षणिक व्याकरण पाठ्यक्रमवद्ध हुन्छ । पाठ्यक्रममा भाषिक सिपको उद्देश्यपूर्तिका लागि चयन गरिएको भाषिक पक्ष (व्याकरण) शैक्षणिक व्याकरणअन्तर्गत पर्दछ । यस व्याकरणका सन्दर्भमा शैक्षणिक एकाइ, शिक्षण विधि, प्रस्तुतिगत आधारका साथै उद्देश्य (प्रयोजन) निराकरण र विधिमा जोड दिने पनि मान्यता पाइन्छ (श्रीवास्तव, सन् १९९७ पृ. १४३-१४८) । यस सन्दर्भबाट वर्ण, रूप,पद,शब्द, वाक्य,पाठको प्रयोजनमूलक आधार खोजी गर्दै व्याकरण चिन्तनको विश्लेषण र मूल्यबोध गर्न सकिन्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ । यस लेखमा शैक्षणिक एकाइ, पदव्याकरण, वाक्यव्याकरण र पाठव्याकरणका आधारबाट अनिवार्य नेपाली (स्नातक तह) को व्याकरणात्मक चिन्तनपक्षको खोजी गरिएको छ ।

## विमर्श र परिणाम

त्रिभुवन विश्वविद्यालयअन्तर्गत मानविकी तथा सामाजिक शास्त्र सङ्काय र शिक्षा शास्त्र सङ्कायका स्नातक तहमा शैक्षणिक उद्देश्यले प्रस्तुत अनिवार्य नेपाली विषयको पाठ्यक्रममा समाविष्ट व्याकरणका पाठ्यांशको विश्लेषण र मूल्याङ्कन यस सन्दर्भमा प्रस्तुत छ । यस पाठ्यांशमा वर्ण, अक्षरीकरण प्रक्रिया, वर्णविन्यास, शब्द र वाक्य गरी व्याकरणात्मक पक्ष समेटिएको पाइन्छ । यस्तै पाठव्याकरणको आधार सङ्कथनको पनि यस पाठ्यक्रममा उल्लेख गरिएको छ । यही व्याकरणात्मक पक्षको विश्लेषण यस सन्दर्भमा प्रस्तुत छ ।

### शैक्षणिक एकाइ

स्नातक तहमा अनिवार्य नेपालीका विशिष्ट उद्देश्य पूरा गर्नका लागि पाठ्यविषयमा भाषिक पक्ष या व्याकरणात्मक पक्ष पनि समावेश गरिएको छ । शैक्षणिक एकाइका रूपमा निम्नलिखत पाठ्यविषय या भाषिक पक्ष समावेश गरिएको पाइन्छ ।

(क) अक्षरीकरण र वर्णविन्यास : शब्दहरूको अक्षरीकरण र नेपाली वर्णविन्यास ।
(ख) नेपाली शब्दभण्डार : शब्दस्रोत, शब्दवर्ग, शब्दार्थ र शब्दहरूको प्रयोग
(ग) वाक्यतत्त्वपरक रचना : स्वतन्त्र रचना (लिङ्ग, वचन, पुरूष, आदर, काल, पक्ष, भाव, वाच्य, करण अकरण)का निर्देशित रचना, वाक्यान्तरण र वाक्य संश्लेषण ।
(घ) सङ्कथन या पाठको संरचना : व्याकरणिक संसक्ति तथा कोशीय संसक्ति, अन्तर्वाक्यात्मक अर्थान्विति (पाठ्यक्रम विकास केन्द्र, २०७७ पृ. ११९-१३७) ।

नेपाली भाषामा व्याकरण चिन्तन परम्परागत व्याकरण,भाषशास्त्रीय व्याकरण र वर्णनात्मक व्याकरणका चिन्तनमा विकास भएको पाइन्छ । नेपाली भाषाको मानकीकरण र व्याकरणका नियमको स्थिरीकरणमा परम्परागत व्याकरण चिन्तनको विशेष प्रभाव रहेको देखिन्छ । नेपाली भाषामा व्याकरण चिन्तनको आरम्भ भने परम्परागत व्याकरणबाट भएको हो (शर्मा,२०७०पृ. ७८) । परम्परागत व्याकरणसँगै ऐतिहासिक व्याकरण हुँदै वर्णनात्मक व्याकरणका व्याकरणात्मक चिन्तन नेपाली व्याकरण परम्परामा अघिबढेको देखिन्छ । यस्तै नेपाली भाषामा पाठव्याकरणका आधारमा पनि व्याकरणात्मक चिन्तन विकास भएको पाइन्छ (शर्मा, २०७०पृ. २८८-२९०) । समसामयिक नेपाली व्याकरण चिन्तन उल्लिखित पक्षबाट मुक्त हुनसकेको छैन । वर्णविन्यास व्याकरणको संरचनात्मक पक्षमा समावेश एकाइ नभए पनि नेपाली व्याकरणमा यो पक्ष समावेश भएको पाइन्छ । व्याकरणसँग जोडिएको वर्णविन्यासगत पक्ष व्याकरणको संरचनात्मक पक्ष या शब्दनिर्माण र वाक्यरचनाका तहबाट खोजी हुनपर्ने भए पनि नियमीकरणको परम्परागत पद्धति नै यस पाठ्यांशमा आएको छ । परम्परागत व्याकरणमा भाषाको शुद्ध प्रयोग,दार्शनिक आधार व्याकरणका निर्धारित नियम र ती नियमको निर्देशनात्मक प्रयोगको आधार रहेको पाइन्छ (लयन्स, १९७१ पृ.४-२०) । परम्परागत व्याकरण चिन्तनको यस मान्यतासँगै भाषाका कथ्य लेख्य रूप खोज्ने र उच्चारणअनुसार अक्षर निर्धारण गर्ने भाषावैज्ञानिक चिन्तनको व्याख्या पनि शैक्षणिक पाठ्यवस्तुमा समावेश गरिएको व्याकरणात्मक मान्यता हो । व्याकरण शिक्षणका विशिष्ट उद्देश्यका सीमामा व्याकरणत्मक पाठयांश चयन गरी शिक्षणको मार्गनिर्देश पनि गरिएको छ । शब्दहरूको अक्षरीकरण, वर्णविन्यासको प्रयोग,विभिन्न स्रोतका शब्दको पहिचान, शब्दवर्ग र बनोट, निर्देशित वाक्य रचना, वाक्य संश्लेषण र व्याकरणिक र कोशीय संसक्ति तथा संयुक्तिमा दक्षता यस पाठ्यांशका उद्देश्यमा प्रस्तुत गरिएको पक्ष हो । वर्णव्याकरणदेखि पाठव्याकरणसम्मका शैक्षणिक एकाइ यस पाठ्यांशमा समावेश भएको देखिन्छ ।

## वर्णव्याकरण

व्याकरणमा ध्वनि र अर्थका बारेमा फरक फरक मत पाइन्छ । भाषाका घटकीय व्यवस्थामा वर्ण र ध्वनि पनि घटकीय अन्तःसम्बन्धमा रहने हुँदा व्याकरणका क्षेत्रमा ध्वनि या वर्णव्याकरण पनि समावेश हुने मान्यता रहेको छ (क्रिस्टल,सन् २००३पृ. ८८) । व्याकरणका यस क्षेत्रमा वर्णस्तरमा खण्डीय वर्ण, खण्डेतर वर्ण, अक्षर, विराम आदि आउने मान्यता पनि पाइन्छ (बन्धु, २०७३पृ. ६४) । परम्परागत व्याकरणमा पनि वर्णविचारको विविध पक्ष समावेश भएको पाइन्छ । नेपाली परम्परागत व्याकरणमा एटन(सन्१८२०) देखि नै वर्णव्याकरण या वर्णविचारको चर्चा आरम्भ भएको देखिन्छ । परम्परागत नेपाली व्याकरणका परम्परामा टर्नबुल(सन् १८८७), पण्डित (१९६९), सिग्द्याल(१९७६) लगायतका व्याकरणमा पनि वर्णविचारको चर्चा पाइन्छ । यस्तै भाषावैज्ञानिक पद्धतिका नेपाली व्याकरणमा पनि वर्णविचार समावेश गरिएको छ । यस किसिमका व्याकरणमा शर्मा (२०३६), अधिकारी (२०४९),चापागाई (२०५३) शर्मा (२०७१) लगायतका व्याकरण शैक्षणिक सन्दर्भमा रहेका छन् । यसरी नै व्याकरणका क्षेत्रअन्तर्गत स्वनिम या ध्वनिविचार पर्ने र यसमा उच्चारण, ध्वनि वर्गीकरण, रूप, अक्षर, सन्धि, वर्णविन्यास आदिको अध्ययन हुने पनि उल्लेख छ (शर्मा,२०७१ पृ.२७) ।

परम्परागत नेपाली व्याकरणका लेखनमा नै ध्वनिविचार या वर्णव्याकरणको आधार रहेको देखिन्छ । परम्परागत व्याकरणमा लिखित भाषाका व्याकरणका आधार लिएर वर्णविचार केन्द्रित छ भने वर्णनात्मक व्याकरण कथ्य या बोलचालको भाषाकेन्द्री र संरचनात्मक रहेको हुन्छ (लयन्स, सन् १९७१ पृ.५३-५६) । पाठ्यांशमा अक्षरीकरणको मान्यता परम्परागत चिन्तनबाट वर्णनात्मक व्याकरण चिन्तनतर्फको प्रारम्भिक आधार हो । कथ्य या उच्चारणअनुसार अक्षर र अक्षरीकरणको आधार दिई कथ्य वर्ण र लेख्य वर्णका बिचको भेद नै परम्परागत व्याकरण र वर्णनात्मक व्याकरण चिन्तनको स्पष्ट छुट्टिने विन्दु हो भन्ने मान्यता यस सन्दर्भमा उल्लेख्य देखिन्छ । उच्चारणमा पाइने ध्वनि र लेखिममा रहेका वर्णको स्पष्ट आधारसँगै उच्चारणअनुसार अक्षरीकरणको र लिपिगत सीमाको भाषिक ज्ञानको पक्ष यस सन्दर्भमा चिन्तनगत दृष्टिले महत्त्व राख्ने देखिन्छ । यसबाट पाठ्यक्रममा प्रस्तुत मान्यता भाषावैज्ञानिक चिन्तन र वर्णनात्मक अध्ययनतर्फ अभिमुख भएको पनि स्पष्ट हुन्छ । कथ्य र लेख्य अर्थात् स्वनिम र लेखिममा पाइने भिन्नता बोध गरी भाषाका संरचनामा प्रवेश हुनु व्याकरणका अध्ययनमा संरचनात्मक व्याकरणतर्फको अभिमुख हो भन्न सकिन्छ । यसो भए पनि व्याकरणका नियमहरूका दृष्टिले *मध्यचन्द्रिका* र अन्य व्याकरणग्रन्थ परस्पर बाँझिएमा *मध्चन्द्रिका*लाई प्रामाणिक मान्ने र *मध्यचन्द्रिका* र शिष्ट प्रचलन बाझिएमा शिष्ट प्रचलनलाई मान्ने (पाठ्यक्रम विकास केन्द्र,२०४६पृ.७) भन्ने आधारमा हेर्दा परम्परागत व्याकरण चिन्तनका केन्द्रबाट व्याकरण चिन्तन मुक्त हुन नसकेको स्पष्ट हुन्छ ।

वर्णविन्यास लेखनसँग सम्बद्ध विषय हो । उच्चारणअनुसारको लेखनसम्बन्धी नियम व्याकरणका तहबाट या वर्ण,शब्द, वाक्यव्याकरणका क्रममा खोजी गर्नपर्ने हुन्छ । नेपाली भाषामा प्रयुक्त तत्सम शब्द र आगन्तुक शब्दसहितका शब्दको गरी दुई किसिमको लेखन नियम रहेको छ । तत्सममूलक नियम नेपालीको भाषिक विशेषता भन्दा पनि संस्कृत भाषाको विशेषताअनुरूपको लेखन हो । परम्परागत व्याकरणको मार्गमा रहेर भाषावैज्ञानिक पद्धतिका व्याकरणमा पनि वर्णविन्यासका बारेमा परिशिष्ट दिएर विशेष चर्चा गरिएको पाइन्छ । तत्सम शब्दका उच्चारण तथा लेखनमा नेपालीभाषी प्रयोक्तालाई सहज निर्दोष्ट व्याकरण चिन्तन नेपाली भाषामा अभाव नै रहेको देखिन्छ । नेपालीमूलक नियम पनि परम्परागत व्याकरण, स्रोतभाषाको व्याकरण र नेपालीका भाषिक विशेषतासँग जोडिने आधार नेपाली व्याकरणमा स्पष्ट नबनेको हुँदा पाठ्यक्रममा पनि यो विषय निरूत्तर नै रहेको छ । नेपालीमा तत्सममूलक नियम र नेपालीमूलक नियमको दोहोरो पक्ष अनि नेपालीमुलक नियममा पनि प्रयोगगत स्पष्ट नहुँदा वर्णविन्यासको पक्ष थप जटिल बनेको देखिन्छ । नेपाली भाषाका प्रयोक्तालाई नियमको बोझ भन्दा प्रयोगात्मक सरलीकरणतर्फ अभिमुख बनाउने वर्णविन्यासको चिन्तनगत आधार पाठ्यक्रममा सचेतरूपमा उठाइएको विषय भने उल्लेख्य रहेको देखिन्छ ।

## पद वा शब्दव्याकरण

स्नातक तहको अनिवार्य नेपालीका पाठ्यक्रममा छुट्टै एकाइका रूपमा शब्दव्याकरणको समावेश गरिएको छ । परम्परागत व्याकरणको मुख्य क्षेत्र पनि पदविचार या शब्द व्याकरणत्मक चिन्तन हो ।

शब्द व्याकरणका क्षेत्रमा रूप,शब्द र शब्दवर्ग, व्युत्पादन,रूपायन, व्याकरणात्मक कोटि रहने पनि उल्लेख गरिएको छ (क्रिस्टल,सन् २००३ पृ. ९०-९३) । नेपाली परम्परागत व्याकरणको चिन्तनगत सीमा शब्दव्याकरणका तहमा नै रहेको देखिन्छ (शर्मा,२०७०) । संरचनात्मक व्याकरणका अध्ययनमा पनि भाषाका छुट्टाछुट्टै एकाइको अध्ययन गर्ने मान्यता देखिन्छ । अनिवार्य नेपालीका पाठ्यक्रममा शब्दस्रोत, शब्दनिर्माण, शब्दवर्ग र ज्ञानविज्ञानका क्षेत्रका पारिभाषिक शब्दको पहिचान, शब्दका बनोट र प्रयोगमा जोड दिइएको छ (पाठ्यक्रम विकास केन्द्र, २०७७) । सन्दर्भस्रोतका सामग्रीमा पनि परम्परागत व्याकरण र भाषावैज्ञानिक पद्धति अवलम्वन गरेका व्याकरण पाठ्यक्रममा रहेका छन् । यसबाट पदव्याकरण शब्दस्रोत,शब्दवर्ग, शब्दव्युत्पादन र शब्दभण्डारमा केन्द्रित भई समायोजन गरिएको पाइन्छ । तत्सम स्रोतका शब्द र आगन्तुक शब्दका स्रोतको पहिचान गर्ने आधारको खोजी नभई नेपाली शब्दव्याकरणको आधार स्पष्ट हुँदैन । शब्दस्रोत,शब्दबनोट,शब्दार्थ र शब्दप्रयोगको आधार साहित्यिक लगायतका पाठको सन्दर्भगत विश्लेषण हुँदा नै उपयुक्त हुने देखिन्छ । प्रयोजनमूलक पाठबाट व्याकरण चिन्तन विकास नभई परम्परागत चिन्तनमा नै व्याकरणात्मक पक्ष संयोजन भएको देखिन्छ । भाषा अध्ययनमा संरचनाको वर्णन गर्ने या भाषिक सामर्थ्यको विश्लेषण गर्ने भन्ने मुख्य पक्षमा संरचनाको वर्णनलाई नै महत्त्व दिएको देखिन्छ । व्याकरण शिक्षणका विधिमा पनि स्पष्ट निर्देशन पाइँदैन । व्याकरणका शिक्षणमा उदाहरणबाट निष्कर्षमा पुग्ने सन्दर्भ व्याकरणको निर्माण आवश्यक रहेको छ । यसमा भाषापाठ्यक्रमको उद्देश्य र शिक्षणको प्राप्तिका बारेमा स्पष्ट भई व्याकरणको नवीन मान्यताका आधारमा पदव्याकरणको समायोजन उपयुक्त हुने देखिन्छ ।

**वाक्यव्याकरण**

स्नातक तहका अनिवार्य नेपालीका पाठ्यक्रममा वाक्यतत्त्वपरक रचनाको पठनसामग्री समावेश गरिएको पाइन्छ । यस पाठ्यक्रमको पाठ्यांशमा पनि वाक्य संरचनाको चिनारीमूलक अध्ययनमा विशेष जोड दिइएको छ । वाक्य व्याकरणमा रूपिमदेखि वाक्यसम्मको अध्ययन समेटिने हुँदा(क्रिस्टल, २००३ पृ.९५) वाक्यका केन्द्रमा भाषिक चिनारीको खोजी यस पाठ्यक्रममा आएको छैन । पदावलीको मेलबाट बनेको संरचना वाक्य हुने (बन्धु,२०७३ पृ.९३) आधारबाट हेर्दा पदावली संरचनाको चिनारी पाठ्यांशमा स्पष्ट छैन । परम्परागत व्याकरणको उद्देश्य र विधेयखण्डको संरचनागत पक्ष र वाक्यरचनाको आधार पनि स्पष्ट देखिँदैन । व्याकरणात्मक कोटिका केन्द्रमा रहेर लिङ्ग, वचन, पुरूष, आदर, काल, पक्ष, भाव, वाच्य, करण अकरणका आधारमा स्वतन्त्र रचना गर्ने र निर्देशित रचनालाई वाक्यान्तरण गर्ने र वाक्य संश्लेषण र विश्लेषणको आधार दिइएको छ । यो आधार संरचनात्मक र परम्परागत व्याकरणका केन्द्रमा प्रस्तुत भएको छ । वाक्य निर्माण र विश्लेषणको नवीन मान्यता या चिन्तन भने यस पाठ्यांश आउन सकेको छैन ।

वाक्यमा प्रयोग भएपछि मात्र पदको अर्थ स्पष्ट हुने र पदको संरचक आधारबाट वाक्य निर्माण हुने सम्बन्ध र घटकीय व्यवस्थाको आधारवाक्य चिन्तनका क्रममा स्पष्ट नभएको देखिन्छ । व्याकरणचिन्तन वाक्य केन्द्रित भएमा वाक्य, उपवाक्य, पदावली, पद र रूपसम्मको विश्लेषण सहज

हुन्छ । शैक्षणिक व्याकरण या प्रयोगमूलक व्याकरणको पाठपरक अभ्यासबाट भाषाको संरचनागत पक्षको ज्ञान हुने मान्यतामा जोड दिनपर्ने देखिन्छ । परम्परागत व्याकरणका सरल, संयुक्त र मिश्र वाक्यढाँचाको आधारलाई नै पाठ्यांशमा उल्लेख गरिएको छ । वर्णनात्मक चिन्तनअनुसार आधार भूत वाक्य र एकीकृत वाक्यढाँचाको आधार भने यस पाठ्यांशमा आउन सकेको छैन । वाक्यका विश्लेषणमा वर्णनात्मक व्याकरण र परम्परागत व्याकरणका मान्यतामा फरक मत रहेको छ । यसलाई स्पष्ट निर्देशन गरी भाषिक सिप या लेखनका अभिव्यक्तिगत आधारलाई प्रयोजनपरक सन्दर्भका पाठबाट शैक्षणिक आधार दिँदा नै उपयुक्त हुने देखिन्छ ।

**पाठव्याकरण**

नेपाली व्याकरण परम्परामा भाषापाठबाट भाषिक नियमको खोजी गर्ने परम्परा एटन(सन् १८२०) देखि नै पाइन्छ । व्याकरण भाषाभित्र छ र भाषा व्याकरणवद्ध हुन्छ भन्ने आधारसँगै भाषापाठमा व्याकरण रहने मान्यता पनि देखिन्छ । भाषापाठ्यपुस्तकबाट व्याकरणको सिकाइ उपयुक्त हुने मूल्याङ्कन यस सन्दर्भमा स्मरणीय रहेको छ (अधिकारी २०३९ पृ.२१७) । भाषापाठ कथ्य र लेख्य भाषिक सामग्री हो । भाषिक पाठलाई केन्द्र मानेर भाषिक विशेषताको खोजी र विश्लेषण पाठव्याकरणमा हुने गर्छ (क्रिस्टल,सन् २००८, पृ. ४८१) । व्याकणिक क्रमपरम्परामा वाक्य भन्दा माथिका अनुच्छेद, संवाद लगायतका कथनलाई पाठ भनिएको छ । पाठ र सङ्कथनको भिन्नता देखाउँदै पाठ विश्लेषणको चर्चा पनि गरिएको छ ( नुनान, सन् १९९३ पृ. ५-९) । पाठ वा सङ्कथनमा संसक्ति र संयुक्तिका मुख्य दुई एकाइ हुने पनि उल्लेख छ (बन्धु, २०७३पृ. ३३८) । संसक्तिमा व्याकरणिक र कोशीय संशक्ति हुने र व्याकरणिकमा सन्दर्भन,प्रतिस्थान, लोप र कोशीयमा पुनरावृत्ति, पर्याय, समवेशात्मक र सामान्य शब्द हुने उल्लेख छ ( कटिङ, सन् २०१० पृ. ११) । पाठ्यक्रममा यस तहको प्रविष्टि हुनु नवीन आधार हो । यस्तै संयक्तिमा पाटको धारणागत आधार अन्तर्वाक्यात्मक र अर्थान्वितिबाट विश्लोणको मार्गबोध गरिएको छ । स्नातक तहको अनिवार्य नपालीमा यी दुवै युक्तिको समावेश गरी पाठव्याकरणका क्षेत्रमा प्रवेश भएको तथ्य पाठ्यक्रमका सन्दर्भबाट बोध हुन्छ । अनुच्छेद लेखन, सङ्क्षेपीकरण, बुँदाटिपोट जस्ता भाषिक सिपसँग वाक्य संरचनाको पाठगत आधार हुँदा उल्लेख्य हुने देखिन्छ । आजको शैक्षणिक व्याकरणको चिन्तनगत आधार पनि यही हुनुपर्ने देखिन्छ । संरचनात्मक व्याकरणबाट पाठव्याकरणतर्फको प्रयोग व्याकरणिक चिन्तनका दृष्टिले उललेख्य फट्को हो ।

## निष्कर्ष

नेपालमा उच्च शिक्षाको आरम्भसँगै नेपाली भाषामा पनि उच्चशिक्षामा पठनपाठनको ऐतिहासिक आधार निर्माण भएको हो । त्रिभुवन विश्वद्यिालयको स्थापनापश्चात् नेपाली विषयको शिक्षण उच्च शिक्षाका विभिन्न तहमा अघि बढेको हो । त्रिभुवन विश्वविद्यालयमा नेपाली भाषाको अनिवार्य नेपाली र विशेष नेपाली (भाषासाहित्य)का शिक्षणको व्यवस्था रहेको देखिन्छ । प्रारम्भमा त्रिभुवन विश्वविद्यालयअन्तर्गतका सबै सङ्काय र संस्थानका प्रवीणता प्रमाणपत्र तह र स्नातक तहमा अनिवार्य नेपालीको शैक्षणिक व्यवस्था भएको

पाइन्छ । नेपाल सरकारको नीतिगत आधारका कारण विश्वविद्यालयको प्रवेश तह स्नातक भएसँगै त्रिभुवन विश्वविद्यालयमा अनिवार्य नेपाली स्नातक तहमा मात्र व्यवस्था गरिएको छ । त्रिभुवन विश्वविद्यालयको नीतिगत आधारमा अहिले मानविकी तथा सामाजिक शास्त्र सङ्काय र शिक्षाशास्त्र सङ्कायमा मात्र शैक्षणिक प्रयोजनमा रहेको देखिन्छ । स्नातक तहमा समाविष्ट व्याकरण परम्परागत व्याकरण चिन्तनबाट नै निर्देशित देखिन्छ । यद्यपि पाठव्याकरणको प्रवेश यस पाठ्यक्रमको नयाँ आधार हो । भाषाको शुद्ध प्रयोग भाषाको विश्लेषण भन्दा व्याकरणका नियमबाट निराकरणात्मक प्रयोगमा जोड दिइएकाले परम्परागत व्याकरण चिन्तनलाई नै महत्त्व दिएको देखिन्छ । आधुनिक वर्णनात्मक चिन्तन अनुरूप भाषिक संरचनात्मक पद्धतिको प्रयोग आशिक मात्रामा मात्र गरिएको देखिन्छ । संरचनात्मक पक्षबाट व्याकरण चिन्तनको आधार लिई पाठव्याकरणको प्रवेश भए पनि परम्रागत व्याकरण चिन्तनबाट मुक्त हुन नसकेको स्थिति यस पाठ्यांशमा रहेको छ । यसबाट परम्परागत व्याकरण र भाषावैज्ञानिक पद्धतिका व्याकरणको मध्यमार्ग तयगरी अनिवार्य नेपालीको पाठयांश निर्धारण भएको छ भन्ने निष्कर्षमा आउन सकिन्छ । अक्षरीकरण र वर्णविन्यास,नेपाली शब्दभण्डार, वाक्यतत्त्वपरक रचना, र सङ्कथन या पाठको संरचनाको शैक्षणिक एकाइबाट वर्णव्याकरण, पदव्याकरण, वाक्यव्याकरण र पाठव्याकरणको आधार यस पाठ्यांशमा आएको छ । राष्ट्रिय आवश्यकतानुसार ज्ञानविज्ञानका हरेक क्षेत्र वा वाङ्मय निर्माणमा नेपाली भाषाको महत्त्व रहेकाले संरचनात्मक र प्रयोजनमूलक भाषिक सिप स्नातक तहका सबै सङ्काय संस्थानमा अनिवार्य हुन आवश्यक छ । शैक्षणिक माध्यम र कार्यालयीय प्रयोजनका लागि अनिवार्य नेपालीको शैक्षणिक प्रयोजन र व्याकरण चिन्तनमा स्पष्ट भई नयाँ नीतिनिर्माण गर्नपर्ने अहिलेको आवश्यकता हो ।

## सन्दर्भसामग्रीसूची


अधिकारी, हेमाङ्गराज .(२०३९).*नेपाली भाषा शिक्षण* . पाठ्यक्रम विकास केन्द्र ।

अधिकारी,हेमाङ्गराज .(२०४९). *समसामयिक नेपाली व्याकरण* . कुञ्जल प्रकाशन ।

उपाध्याय,पुरूषोत्तमप्रसाद .(२०५८).*त्रिभुवन विश्वविद्यालय : विगतदेखि वर्तमानसम्म* .श्रीमती विना उपाध्याय ।

चापागाई,नरेन्द्र .(२०५३). *आधुनिक नेपाली व्याकरण तथा रचना* . रत्न पुस्तक भण्डार ।

त्रिपाठी, वासुदेव .(२०३५).ऐतिहासिक परिप्रेक्ष्यमा भाषा र साहित्यको प्रयोग तथा पाठ्यपुस्तकका समस्या. *त्रिभुवन विश्वविद्यालयका नेपाली शिक्षकहरूको प्रथम राष्ट्रिय अधिवेशन २०३४).* (कार्य विवरण) सम्पा. मोहनराज शर्मा र हेमाङ्गराज अधिकारी . पाठ्यक्रम विकास केन्द्र ।

दाहाल,बल्लभमणि .(२०३५).अनिवार्य नेपाली किन, कहाँ, कुन कुन तहमा कस्तो र कति मात्रामा ? *त्रिभुवन विश्वविद्यालयका नेपाली शिक्षकहरूको प्रथम राष्ट्रिय अधिवेशन २०३४).* (कार्य विवरण) सम्पा. मोहनराज शर्मा र हेमाङ्गराज अधिकारी . पाठ्यक्रम विकास केन्द्र ।

पंञ्जेनी, भवेश्वर .(२०७३). *कीर्तिपुर क्षेत्रको शैक्षिक इतिहास* शहीद. स्मारक कलेज ।

पंञ्जेनी, भवेश्वर .(२०७६). *त्रिभुवन विश्वविद्यालयको इतिहास* (२०१६-२०४१) भाग १ .त्रिभुवन विश्वविद्यालय ।

पण्डित, हेमराज .(२०६९). *चन्द्रिका गोरखाभाषा व्याकरण* .लेखक स्वयम् ।

पाठ्यक्रम विकास केन्द्र .(२०४६). *अनिवार्य नेपाली शिक्षण निर्देशन.* पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

पाठ्यक्रम विकास केन्द्र .(२०६६). *अनिवार्य नेपाली शिक्षण निर्देशिका.* पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

पाठ्यक्रम विकास केन्द्र .(२०७७). *नेपाली साहित्यिक रचना* . पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

बन्धु, चूडामणि (२०७३). *भाषाविज्ञान.* (नवौं संस्क.) साझा प्रकाशन ।

राष्ट्रिय शिक्षा पद्धति योजना .(२०२८). *राष्ट्रिय शिक्षा पद्धति २०२८-२०३२ सममको योजना* . श्री ५ को सरकार शिक्षा मन्त्रालय ।

शर्मा,मोहनराज र हेमाङ्गराज अधिकारी .(२०३५).*त्रिभुवन विश्वविद्यालयका नेपाली शिक्षकहरूको प्रथम राष्ट्रिय अधिवेशन २०३४).* (कार्य विवरण) सम्पा. पाठ्यक्रम विकास केन्द्र ।

शर्मा, मोहनराज .(२०३६). *शब्द, रचना र वर्णविन्यास* (भाषावैज्ञानिक पद्धति).पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

शर्मा, मोहनराज .(२०७१). *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण* .नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, सुकुम .(२०७० ). *नेपाल व्याकरणको ऐतिहासिक सर्वेक्षण.*दोस्रो संस्क.सनलाइट पब्लिकेसन ।

शर्मा, सुकुम .(२०७४). नेपाली व्याकरणको इतिहास .*जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास* (पहिलो ठेली). कमलमणि प्रकाशन ।

श्रीवास्तव, रवीन्द्रनाथ .(सन् १९९७). *भाषाविज्ञान सैद्धान्तिक चिन्तन.* राधाकृष्ण ।

सिग्द्याल, सोमनाथ .(१९७६). *मध्यचन्द्रिका.* लेखक स्वयम् ।

Ayton, J.A. (1820) A Grammar of the Nepali Language. Philip Perarira .

Crystal, D. (2003). *The Cambridge Encyclopedia of Language* (2nd edition) Cambridge University.

Crystal, D. (2008). *A Dictionary of Linguistics and Phonetics* (6th edition) Blackwell Publishing.

Cutting, J. (2010). *Pragmatics and Discourse* (2nd edition) Routledge .

Lyons, J. (2071). *Introduction to Theoretical Linguistics*. Cambridge University Press.

Nunan, D. (1993). *Introducing Discourse Analysis*. Penguin English.

Pant, Mahes Raj (1979). *On Sanskrit Education*. Mahes Raj Pant.

Turnbull, Rev. A. (1887) *Nepali Grammar & Vocabulary*. Asian Educational Service.